बैठक सङ्ख्या : १२

आज मिति २०७९।१२।२५ / २६ गतेका दिन यस पुथा उत्तरगङ्गा गाउँपालिकाका अध्यक्ष एवम् कार्यपालिकाका अध्यक्ष श्री पुनीराज घर्तीज्यूको अध्यक्षतामा पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको १२ औं बैठक बसी तपसिलका उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु गरियो।

तपसिल :

| | |
|---|---|
| पुनीराज घर्ती | कार्यपालिका अध्यक्ष |
| भुपेन्द्रा बुढा | कार्यपालिका उपाध्यक्ष |
| विरमान कामी | १ नं. वडा अध्यक्ष |
| जस बहादुर श्रीपाली | २ नं. वडा अध्यक्ष |
| बम बहादुर बुढा | ३ नं. वडा अध्यक्ष |
| सुर बहादुर वि क | ४ नं. वडा अध्यक्ष |
| टिकासाई घर्ती मगर | ५ नं. वडा अध्यक्ष |
| शंखे सेन | ६ नं. वडा अध्यक्ष |
| चित्र बहादुर बुढा | ७ नं. वडा अध्यक्ष |
| पूर्ण मल्ल शाही | ८ नं. वडा अध्यक्ष |
| हर्क प्रसाद रोका | ९ नं. वडा अध्यक्ष |
| भरत बुढा | १० नं. वडा अध्यक्ष |
| लयन बुढा | ११ नं. का वा वडा अध्यक्ष |
| दिलमान पुन | १२ नं. वडा अध्यक्ष |
| शिविसन श्रीपाली | १३ नं. वडा अध्यक्ष |
| द्रवेश बुढा मगर | १४ नं. वडा अध्यक्ष |
| ग्वारी बुढा मगर | कार्यपालिका सदस्य |
| जोर कुमारी बुढा | कार्यपालिका सदस्य |
| भारसी बुढा | कार्यपालिका सदस्य |
| मल्ति पुन | कार्यपालिका सदस्य |
| राज कुमार सुनार | कार्यपालिका सदस्य |
| जानु छन्तेल | कार्यपालिका सदस्य |
| राजन कंडेल | सदस्य सचिव |
| हरि चन्द्र वि.क. | सहायक कम्प्युटर अपरेटर |

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

१२ औँ गाउँ कार्यपालिका बैठकका एजेण्डाहरु :

१. अघिल्लो गाउँ कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. प्रदेश समपूरक अनुदानका आयोजना तथा कार्यक्रम प्रस्ताव सम्बन्धमा ।
३. बजेट रकमान्तर र शिर्षकान्तर सम्बन्धमा ।
४. कार्यविधि, नियमावली र निर्देशिकाबारे छलफल र स्वीकृति सम्बन्धमा । (कार्यविधि, नियमावली र निर्देशिकाहरु अध्ययन र थप पृष्ठपोषणका लागि सम्बन्धित वडाको ई-मेल आइ.डि.मा पठाइ सकिएको छ ।)
५. विषयगत समिति र गाउँ शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा ।
६. आन्तरिक राजश्व सुधार सम्बन्धमा ।
७. स्वयंसेवक शिक्षक परिचालन सम्बन्धमा ।
८. पालिकास्तरीय वातावरणमैत्री समन्वय समिति गठन सम्बन्धमा ।
९. स्थानीय आर्थिक विकास संवाद समिति गठन सम्बन्धमा ।
१०. विविध सम्बन्धमा ।

१२/२८

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

यस पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ३ मा स्थायी बसोवास गर्ने वर्ष ११ र ९ को क्रमश: रिना बुढा मगर र कालिमाया बुढा मगरको सम्वत् २०७९ साल चैत्र २२ गते भएको हृदयविदारक हत्या र वडा नं. ६ निवासी वर्ष २२ का संसार घर्ति मगरको असामयिक निधनप्रति यस गाउँ कार्यपालिकाले मृतकहरुमाथि हार्दिक श्रद्धाञ्जली र शोकाकुल परिवारमा समवेदना प्रकट गरी उक्त घटनाको सत्यतथ्य छानविनका लागि पुथा उत्तरगङ्गा गाउँपालिका परिवार सधैँ साथमा रहने प्रतिवद्धता गर्दै आजको कार्यपालिका बैठक सुरुवात गर्ने ।

१. पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको ११ औँ कार्यपालिका बैठकमा भएका निर्णयहरुमध्ये निर्णय नं. १ (प्रशासनिक भवनको टेण्डर) र २ (करार कर्मचारीको करार म्याद थप सम्बन्धी) मा थप जोड दिई यथाशीघ्र कार्यान्वयन गर्नुपर्ने अवस्था बारे समीक्षा गरी १२ औँ कार्यपालिका बैठक सुरुवात गर्ने ।

२. आ.व. २०८०।०८१ का लागि प्रदेश सरकारबाट समपूरक अनुदानमार्फत प्राप्त हुने अनुदानका लागि यस पुथा उत्तरगङ्गा गाउँपालिकाबाट तपसिलका क्षेत्रमा देहायका योजनाहरु माग गर्ने निर्णयहरु गरियो ।

**तपसिल :**

| क्षेत्र | योजनाको नाम | प्रस्तावित बजेट (रु. मा) | | समयावधि |
|---|---|---|---|---|
| | | गाउँपालिकाबाट | प्रदेश सरकारबाट | |
| क) पूर्वाधार क्षेत्र | हुकाम-मैकोट सडक निर्माण वडा नं. ५-१ | ५० लाख | ५० लाख | ३ वर्ष |
| | गर-रन्मा सडक निर्माण वडा नं. ५-३ | ५० लाख | ५० लाख | ३ वर्ष |
| | डिम्मुरगैरा तातापानी सडक निर्माण तथा संरक्षण वडा नं. ६ | ५० लाख | ५० लाख | ३ वर्ष |
| | सिरिखुट्टा स्याउ पकेट घेराबार वडा नं.२ | ५० लाख | ५० लाख | ३ वर्ष |
| | जम्मा रु. | २ करोड | २ करोड | |

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

३. वडा कार्यालयहरुमा विनियोजित बजेटमा बजेटको शिर्षक र रकम संशोधनका लागि वडा समितिबाट सम्पूर्ण प्रक्रिया पूरा गरी सम्बोधनका लागि पेश भएका तपसिलका वडाका बजेटहरुलाई रकमान्तर र शिर्षकान्तर गर्ने ।

**तपसिल :**

| वडा नं. | हाल भएको शिर्षक | हाल शिर्षकअनुसार भएको बजेट | हुनुपर्ने शिर्षक | हुनुपर्ने शिर्षकअनुसार कायम हुने बजेट |
|---|---|---|---|---|
| ८ | खानेपानी मर्मत तथा पाइप खरीद तथा वितरण | ३ लाख ५० हजार | प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना (बालुवा र सिमेन्ट खरीद) | १ लाख |
| | महिला क्षमता तथा विकास तालिम तथा दिवस मनाउने | १ लाख ५० हजार | तिज विशेष कार्यक्रम तथा नारी दिवस मनाउने | १ लाख ५० हजार |

| | | | | |
|---|---|---|---|---|
| १३ | तासेदेखि लम्चु डाँडा सम्म गोरेटो बाटो निर्माण | ३ लाख | बिर्गुमखानी प्रतिक्षालय तथा गुफा व्यवस्थापन | ३ लाख |
| | पद्धि तारबार निर्माण | ३ लाख | आ वि पद्धि फिल्ड निर्माण | ३ लाख |

४. यस गाउँपालिकाको समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउन यस कार्यपालिका बैठकमा पेश भएका तपसिल बमोजिमका कार्यविधि, नियमावली र निर्देशिकाहरुलाई थप परिमार्जन र संशोधनका लागि विधायन समितिमा छलफल गराई स्वीकृतिका लागि आगामी कार्यपालिकामा पेश गर्ने ।

तपसिल :

१. आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि २०७९
२. घरबहाल कर व्यवस्थापन कार्यविधि, २०७९
३. टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९
४. स्थानीय बजार अनुगमन निर्देशिका, २०७९
५. पुथा उत्तरगङ्गा गाउँपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९
६. सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७९
७. स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९
८. पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७९
९. एम्बुलेन्स व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७९

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

५. यस गाउँपालिकाअन्तर्गतका आर्थिक विकास समिति, सामाजिक विकास समिति, सुशासन तथा संस्थागत विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र शिक्षा समिति लगायत अन्य विषयगत समिति/उपसमितिले यस भन्दा अघि गरेका निर्णयहरु सर्वसम्मत अनुमोदन गर्ने ।

६. पुथा उत्तरगङ्गा गाउँपालिकाले अनुमान गरेको आन्तरिक राजश्व लक्ष्य हासिल गर्न यस गाउँपालिकामा रहेका स्रोत साधन तथा व्यापार, व्यवसाय लगायतका क्षेत्रबाट आम्दानी हुने करको दायरालाई फराकिलो पार्दै गाउँपालिकालाई आत्मनिर्भर तथा राजश्व सुधार सबलीकरणका लागि स्थानीय राजश्व परामर्श समितिलाई सक्रिय बनाउने, गाउँपालिकाभित्र रहेका व्यापार व्यवसायलाई करको दायरामा ल्याउन दर्ता र नवीकरणका लागि ३५ दिने सूचना जारी गर्ने, मिति २०७९।०३।०४ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयानुसार गठित स्थानीय राजस्व संकलन समितिलाई यथाशिघ्र परिचालन गरी राजस्व चुहावटलाई नियन्त्रण गर्ने ।

७. पुथा उत्तरगङ्गा गाउँपालिकाको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न विभिन्न संघसंस्था र सरोकारवालाहरूलाई स्वयंसेवक शिक्षक मागका लागि पत्राचार गर्ने र यस पालिकाभित्र रहेको अब्बल, उत्कृष्ट विद्यार्थी र पेशाकर्मीहरूलाई मौसमी स्वयंसेवा शिक्षण अभियानमा जोड्ने ।

८. वातावरणमैत्री स्थानीय शासन प्रारूप २०७८ अनुसार देहायबमोजिमको पदाधिकारी रहने गरी वातावरणमैत्री स्थानीय शासन गाउँ समन्वय समिति गठन गर्ने ।

तपसिल:

पुनीराज घर्ती — अध्यक्ष

| | |
|---|---|
| राजन कंडेल | सदस्य |
| जिल्ला प्रशासन कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| जिल्ला समन्वय समितिका अधिकृत प्रतिनिधि | सदस्य |
| विनोद डि.सी. | सदस्य |
| इन्द्रजीत गामी | सदस्य |
| राम प्रसाद खड्का | सदस्य |
| समिर गिरी | सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| खिम बहादुर बुढाक्षेत्री | सदस्य |
| दिल कुमारी बुढा | सदस्य |
| जिता दर्लामी | सदस्य |
| चुमान कुँवर | सदस्य |
| लहरमान घर्ती | सदस्य |
| संस्कृति पुन | सदस्य |
| ज्योतीमाया बुढा | सदस्य |
| सम्पाल बुढा | सदस्य |
| विरमान पुन | सदस्य |
| लक्ष्मण बुढा | सदस्य |
| दयाधन घर्ती | सदस्य |
| उत्तम वि.क. | सदस्य |
| वातावरण तथा विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य सचिव |

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

९. यस पालिकामा तपसिल बमोजिमको स्थानीय आर्थिक विकास संवाद समिति गठन गर्ने ।

तपसिल:

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| भुपेन्द्रा बुढा | सदस्य |
| जस बहादुर श्रीपाली | सदस्य |
| लाली झाक्री | सदस्य |
| दयाधन घर्ती | सदस्य |
| सिता बुढा | सदस्य |
| तेज कुमार कुड्माल | सदस्य |
| दिपेन्द्र सुनार | सदस्य |
| राजन कंडेल | सदस्य सचिव |

**१०. विविध तर्फ :**

१. पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालय र वडा कार्यालयतर्फ स्वीकृत दरबन्दीबमोजिम प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेशमा तपसिल बमोजिमका कर्मचारीहरु माग गर्ने ।

| क्र.सं. | पद | तह | सेवा/समूह | माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्जिनियर | ७ | इन्जिनियर/सिभिल | १ | |
| २ | अधिकृत | ७ | शिक्षा | १ | |
| ३ | अधिकृत | ७ | प्रशासन/लेखा | १ | |
| ४ | अधिकृत | ७ | कृषि | १ | |
| ५ | अधिकृत | ६ | प्रशासन/सा.प्र. | १ | |
| ६ | आन्तरिक लेखा परीक्षक | ५ | प्रशासन/लेखा | १ | |
| ८ | लेखा सहायक | ५ | प्रशासन/लेखा | १ | |
| ९ | सहायक पाँचौ | ५ | कृषि, भेटेरीनरी | १ | |
| १० | सहायक पाँचौ | ५ | कृषि, ला.पो.डे.डे | १ | |
| ११ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | १ | |

२. यस गाउँपालिकामा बहुक्षेत्रीय पोषण कार्यक्रम लागु गर्न वडा नं. १ र २ लाई छनौट गर्ने ।

३. पेन्टाग्राम कन्स्ट्रक्शन, काठमाडौं मनपा-३२ लाई कालो सूचीमा राख्न सिफारिस गर्ने ।

४. यस पालिकाअन्तर्गतका विषयगत शाखा र वडा कार्यालयबाट आगामी दिनमा हुने चालु प्रकृतिका खर्च तत्काल रोकि पालिका स्तरीय खरीद इकाइ/ समितिबाट अति आवश्यक भएमा मात्र खरीद स्वीकृति गराई खरीद गर्ने र हाल सम्म भएका खरीदको सबै विवरण आर्थिक प्रशासन शाखामा तुरून्तै पेश गर्ने गराउने ।

५. यस पालिका अन्तर्गतका वडा नं. १,२ र ३ मा जीवनबुटी मार्फत संकलन हुने जम्मा राजस्वको २० प्रतिशत सम्बन्धित वडाले गाउँपालिकाको आन्तरिक राजस्व खातामा दाखिला गर्ने ।

६. द्रुत प्रतिकार्य टोली तथा आपत्कालीन चिकित्सकीय समूह परिचालन सम्बन्धी निर्देशिका, २०७९ बमोजिम तपसिल बमोजिमको स्थानीय द्रुत प्रतिकार्य समिति र स्थानीय द्रुत प्रतिकार्य टोली गठन गर्ने ।

तपसिल :

**१. स्थानीय द्रुत प्रतिकार्य समिति :**

| | |
|---|---|
| पुनीराज घर्ती | संयोजक |
| राजन कंडेल | सदस्य |
| अनिल बुढा मगर खाम | सदस्य |
| विपद् व्यवस्थापन शाखा प्रमुख | सदस्य |
| समिर गिरी | सदस्य सचिव |

राजन कंडेल
प्रमुख प्रशासकीय अधिकृत

**२. स्थानीय द्रुत प्रतिकार्य टोली :**

| | |
|---|---|
| अनिल बुढा मगर खाम | संयोजक |
| समिर गिरी | सदस्य |
| कलिभान विष्ट | सदस्य |
| विरभान बोहरा | सदस्य |
| आरती बुढा | सदस्य |
| सुनरोजी पुन | सदस्य सचिव |

७. यस गाउँपालिकाअन्तर्गत १०,११, १२, १३ र १४ नं. वडालाई आ.व. २०७९।०८० को चौथो त्रैमासिक सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीमार्फत वितरण गर्ने ।

८. यस गाउँपालिकाअन्तर्गत सेवा करारमा कार्यरत तपसिल बमोजिमका कर्मचारी बाहेकका अन्य सबै कर्मचारीहरुको करार म्याद थप गर्ने र सोहिअनुसार पारिश्रमिक भुक्तानी गर्ने । र राष्ट्रिय आ वि, काजरजङमा प्रावि तहमा कार्यरत रूपा बुढालाई स्पष्टीकरण सोधि निजको प्रतिउत्तर र वडा कार्यालयको सिफारिसअनुसार मात्रै करार म्याद थप गर्ने ।

**तपसिल :**

| | |
|---|---|
| हम्श बुढा मगर | कार्यालय सहयोगी, कृषि तथा पशु सेवा कार्यालय, हुकाम |

९. विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनहरूको प्रयोगलाई अनिवार्य गरी विद्यार्थीहरुलाई खाजा खुवाउने व्यवस्था गर्न विद्यालयमा पत्राचार गरी वडा समितिले सोको अनुगमन गर्ने ।

१०. यस गाउँपालिकाअन्तर्गतका विभिन्न सरकारी कार्यालय, विद्यालय, सामुदायिक सङ्घ-संस्थाले गर्ने सरकारी समारोह, कार्यक्रममा खादा, अबिरको पूर्ण निषेध गरी त्यस्ता कार्यक्रमहरुमा अनिवार्य रुपमा सेतो टिका (चामल सहितको) र पुष्प गुच्छा/दुबो,पातीको प्रयोग गर्ने ।

११. विदेशी पर्यटकहरुको अभिलेख राख्न यस पुथा उत्तरगङ्गा गाउँ कार्यपालिकाको कार्यालयमा पर्यटन सूचना डेस्क स्थापना गरी यस पालिकामा रहेका ऐतिहासिक साँस्कृतिक र भौगोलिक पर्यटकीय क्षेत्रहरुको जानकारी सहितको ब्रोसर (Broucher) निर्माण तथा प्रचारप्रसार गर्ने र वैदेशिक पर्यटकहरुको अभिलेख राख्ने ।

१२. यस पालिकाअन्तर्गत कार्यरत स्थानीय कर्मचारी, जनप्रतिनिधि, शिक्षक, वि.व्य.स. पदाधिकारीहरुले निजका छोराछोरीहरूलाई अध्ययन गर्ने विषय र कक्षा मिलेसम्म स्थानीय स्तरका सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गरी पढ्ने व्यवस्था गर्ने।

१३. बाल विकास केन्द्र स्थापना सञ्चालन र व्यवस्थापन र अन्तरविद्यालय शिक्षक सरूवा र प्रधानाध्यापक नियुक्तिलाई व्यवस्थित गर्न शिक्षा शाखा मार्फत कार्यविधिको ड्राफ्ट तयार गरी आगामी कार्यपालिकामा थप छलफल र पृष्टपोषणका लागि पेश गर्ने ।

१४. यस गाउँपालिकामा सञ्चालित विद्यालय नर्स कार्यक्रममा कार्यरत नर्सहरुको कार्यसम्पादनलाई प्रभावकारी बनाउन निज नर्सहरुले कार्यरत विद्यालयका प्रधानाध्यापकबाट मासिक कार्यसम्पादन रिपोर्ट प्रमाणित गरी यस गाउँ कार्यपालिका कार्यालयको स्वास्थ्य शाखामा पेश गर्नुपर्ने व्यवस्था यथाशीघ्र लागु गर्ने ।

१५. यस पुथा उत्तरगङ्गा गाउँपालिकामा सामुदायिक र निजी होमस्टे सञ्चालन एवम् व्यवस्थापनका लागि मिक नेपालको प्राविधिक सहयोगमा कार्यविधिको ड्राफ्ट तयार गरी आगामी कार्यपालिकामा थप छलफल र पृष्ठपोषणका लागि पेश गर्ने ।

१६. यस गाउँपालिकामा सञ्चालित सवारी साधनहरूले लिने भाडादरमा अनियमितता भएको भनि आएका जनगुनासोलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय, रुकुम पूर्व र सम्बन्धित निकायसँगको समन्वयमा स्थानीय भाडादर कायम गर्न पहल गर्ने ।

१७.प्राथमिक स्वास्थ्य केन्द्र, कोलको सञ्चालन, व्यवस्थापनलाई सुदृढीकरण गर्दै स्तरोन्नतिका लागि सम्बन्धित निकायमा आवश्यक पहल गर्ने ।

१८.मिति २०७९ साल १२ महिना १४-१६ गतेसम्म यस पुथा उत्तरगङ्गा गाउँपालिकामा सञ्चालन भएको जिल्लास्तरीय १४ औं राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा यस पुथा उत्तरगङ्गा गाउँपालिकाबाट सहभागी हुने खेलाडी, प्रशिक्षकहरुका लागि भएको खर्च नमुना प्राविधिक धार सञ्चालन विद्यालयको शैक्षिक अवलोकन भ्रमण तथा अवलोकन कार्यक्रम शिर्षकबाट रु ३ लाख र विद्यालय अनुगमन तथा मूल्याङ्कन खर्च शिर्षकबाट रु ३ लाख गरी जम्मा रकम ६ लाख शिर्षकान्तर र रकमान्तर गरी भुक्तानी दिने ।

१९. यस पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं. ३ निवासी वर्ष ११ र ९ की क्रमश: रिना बुढा मगर र कालिमाया बुढा मगरको २०७९ साल चैत्र २२ गतेको घटनाको छानविनको क्रममा भएको हेलिकप्टर चार्टर्ड खर्च यस पालिकाले बेहोर्ने साथै मृतक परिवारलाई काजक्रिया खर्च रू २ लाख दिने र वडा नं. ६ निवासी वर्ष २२ का संसार घर्ती मगरको परिवारलाई काजक्रिया खर्च रू २ लाख दिने ।

२०.यस पुथा उत्तरगङ्गा गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखामार्फत यस गाउँपालिकाभित्रका सामुदायिक विद्यालयहरु कक्षा १ देखि कक्षा ८ सम्म लागु गर्ने गरी निर्माण भएको स्थानीय पाठ्यक्रम **'हाम्रो पुथा उत्तरगङ्गा'** नामक पाठ्यक्रम स्वीकृति गर्ने साथै शैक्षिक वर्ष २०८० देखि कक्षा १ र कक्षा ६ बाट पाठ्यपुस्तक लेखन गरी अध्ययन गर्ने/गराउने ।

प्रमुख प्रशासकीय अधिकृत